# नेपाल राष्ट्र बैंक

## सम्पत्ति तथा सेवा व्यवस्थापन विभाग

## पुराना सवारी साधनहरु सिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गर्नेसम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८०/१०/०४ गते

लिलाम सूचना नं: सम्पत्ति/कार्यालय सवारी साधन/लिलाम/२०८०/८१/०२

यस बैंकको स्वामित्वमा रहेका देहायबमोजिमका पुराना सवारी साधनहरु जे जस्तो अवस्थामा छन्, सोही अवस्थामा लिलाममा बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति वा फर्म/कम्पनीहरुबाट यो सूचना प्रकाशित भएको मितिले १८ दिन (मिति २०८०/१०/२१) भित्र बोलपत्र फारम खरिद गरी मिति २०८०/१०/२२ गते सोमबार दिनको १:०० बजेभित्र (उक्त दिन बिदा परेमा कार्यालय खुलेको पहिलो दिन) देहायका शर्तहरुको अधिनमा रही सिलबन्दी बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं | लिलाम हुने सवारी साधनको विवरण | बनेको साल (ई.सं.) | न्यूनतम लिलाम मूल्य (मू.अ.कर सहित रु.) |
|---|---|---|---|
| १ | बा.८ च ७९७० (Daihatsu Terios) | २०१० | ९,९०,०००।- |
| २ | बा.९ च ७३७४ (Chevrolet Tavera) | २०१२ | ७,३०,०००।- |
| ३ | बा.९ च ७३७५ (Chevrolet Tavera) | २०१२ | ६,६३,०००।- |
| ४ | बा.९ च ७३७६ (Chevrolet Tavera) | २०१२ | ६,८३,०००।- |
| ५ | बा.९ च ७३७९ (Chevrolet Tavera) | २०१२ | ७,०८,०००।- |
| ६ | बा.१२ च ८२७५ (Kia Sportage ) | २०१४ | २५,५५,०००।- |

(१) सिलबन्दी बोलपत्र खुल्ने मिति, समय र स्थान :

(क) मितिः २०८०/१०/२२ सोमबार

(ख) समयः दिनको २:३० बजे

(ग) स्थानः सम्पत्ति तथा सेवा व्यवस्थापन विभाग, बालुवाटार

(२) बोलपत्र साथ बोलपत्र जमानतबापत आफुले कबोल गरेको रकमको (मू.अ.करसहित) पाँच प्रतिशतले हुन आउने रकम यस बैंकको बैंकिङ्ग विभाग, बालुवाटारमा रहेको खाता नं. ११०९९०१-०११-२०३-५२४ मा नगद जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ । बोलपत्र स्वीकृत भएका व्यक्ति, फर्म वा कम्पनीहरुले यस बैंकमा राखेको उक्त धरौटी रकम लिलाम सकारेको सवारी साधनहरुको नामसारी भएपश्चात् मात्र फिर्ता गरिनेछ ।

(३) लिलामसम्बन्धी बोलपत्र स्वीकृत भएको जानकारी दिएको मितिले ३ दिनभित्र सम्झौता गर्नु पर्नेछ । अन्यथा बोलपत्र रद्द गरी धरौटीबापत जम्मा गरेको रकम जफत गर्न सकिनेछ । माथि उल्लेखित न्यूनतम मूल्यबाहेक लाग्ने सम्पूर्ण खर्च एवं भुक्तानी गर्नुपर्ने सम्पूर्ण प्रचलित कर लिलाम सकार्ने पक्षले व्यहोर्नु पर्नेछ ।

(४) बोलपत्र फारामको दस्तुर रु.२,०००।-(अक्षरेपी दुई हजार मात्र)(पछि फिर्ता नहुने) यस बैंकको बैंकिङ्ग विभागमा रहेको खाता नं. ११०००००-०३०-०१२-५२४ मा जम्मा गरी यस बैंकको सम्पत्ति तथा सेवा व्यवस्थापन विभागबाट खरिद गर्न सकिनेछ ।

(५) लिलाम हुने सवारी साधनहरु हेर्न/बुझ्न चाहनेले कार्यालय समय बिहान १०:०० बजेदेखि दिउसो ३:०० बजेसम्म यस बैंकको केन्द्रीय कार्यालय, सम्पत्ति तथा सेवा व्यवस्थापन विभाग (**सम्पर्क नं.४४१९८०४ (Ext.३७२ र ३६६)** मा सम्पर्क राख्न सकिनेछ ।

(६) लिलाममा भाग लिने इच्छुक व्यक्तिले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि वा आफ्नो परिचय खुल्ने कागजात र इच्छुक फर्म वा कम्पनीले आफ्नो इजाजतपत्र तथा दर्ता प्रमाणपत्र (नवीकरण गरिएको) र स्थायी लेखा नम्बर लिएको वा मूल्य अभिबृद्धि करमा दर्ता भएको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

(७) बोलपत्रसम्बन्धी सूचना यस बैंकको वेबसाइट www.nrb.org.np मा राखिएको छ ।